चिन्नेथान सामुदायिक वन उपभोक्ता समुह
रून्टीगढी गाउँपालिका-५, रोल्पा

# काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः२०८३/०३/१४

अध्यक्ष

यस चिन्नेथान सामुदायिक वन उपभोक्ता समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना (२०८२/०८३-२०९१/०९२) अनुसार डिभिजन वन कार्यालय रोल्पाको संकलन सहमति अनुसार संकलन एवं उत्पादन भई रून्टिगढि-५, पुरीपोखरा घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउराको कारोबार गर्ने उदेश्यले नियमानुसार सुचिकृत भएका, स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि करमा दर्ता भएका, इच्छुक संस्था, फर्म वा कम्पनीले यो सूचना लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिन अपरान्ह ५.०० बजे भित्र यस समुहको कार्यालयमा दाखिला गर्न आह्वान गरिन्छ ।

**तपशिल**

१. वन पैदावारको विवरण

| क्र.सं. | लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फी./ चट्टा ) | मूल्यांकन रु. न्यूनतम दर | न्यूनतम मुल्य | कटान, मुछान, घाटगद्दी खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८२ -८३( धाङ नं.१,२,३, ४) | खोटेस ल्लो | गोलिया | ए | ४ | ४३.४८ | २५० | १०८७० | ४१३१ |
| | | | गोलिया | बी | २४५ | १००७.३८ | १५० | १५११०७ | ९५७०१ |
| | | | जम्मा | | २४९ | १०५०.८६ | | १६१९७७ | ९९८३२ |
| | | | दाउरा | | चट्टा | १ | ४००० | ४००० | ९००० |
| | | | लटको जम्मा | | | | | १६५९७७ | १०८८३२ |
| २ | २/२०८२ -८३( धाङ नं.५,६,७, ८) | खोटेस ल्लो | गोलिया | ए | ३ | २९.०९ | २५० | ७२७२.५ | २७६४ |
| | | | गोलिया | बी | ३११ | १२६५.७८ | १५० | १८९८६७ | १२०२४९ |
| | | | जम्मा | | ३१४ | १२९४.८७ | | १९७१३९.५ | १२३०१३ |
| | | | दाउरा | | चट्टा | १ | ४००० | ४००० | ९००० |
| | | | लटको जम्मा | | | | | २०११४० | १३२०१३ |
| ३ | ३/२०८२ -८३( धाङ नं.९,१०, ११) | खोटेस ल्लो | गोलिया | ए | ८ | ११४.३८ | २५० | २८५९५ | १०८६६ |
| | | | गोलिया | बी | २१४ | ८८२.८७ | १५० | १३२४३०.५ | ८३८७३ |
| | | | जम्मा | | २२२ | ९९७.२५ | | १६१०२५.५ | ९४७३९ |
| | | | दाउरा | | चट्टा | १ | ४००० | ४००० | ९००० |
| | | | लटको जम्मा | | | | | १६५०२६ | १०३७३९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ४/२०८२-८३( धाङ नं.१२,१३ ) | खोटेसल्लो | गोलिया | ए | १२ | १६२.६२ | २५० | ४०६५५ | १५४४९ |
| | | | गोलिया | बी | २७१ | १३३१.३८ | १५० | १९९७०७ | १२६४८१ |
| | | | जम्मा | | २८३ | १४९४.०० | | २४०३६२ | १४१९३० |
| | | | दाउरा | | चट्टा | १ | ४००० | २००० | ९००० |
| | | | लटको जम्मा | | | | | २४२३६२ | १५०९३० |
| सूचनाको जम्मा | | | गोलिया | ए र वी | १०६८ | ४८३६.९८ | | ७७४५०४ | ४९५५१३ |
| | | | दाउरा | चट्टा | | ३.५ | | | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३/०३/२९ गते (सो दिन बिदा परे सो को भोलिपल्ट कार्यालय खुलेको दिनमा वोलपत्र दाखीला सम्बन्धी काम हुनेछ) (ख) समय : दिनको ५.०० बजेसम्म

३.बोलपत्र साथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय वाणिज्य बैक, शाखा कार्यालय, होलेरी रोल्पामा रहेको चल्ती खाता. नं.४३१०१००००१३३३००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्ने छ ।

४. प्रति बोलपत्र फारम प्रति लटको रु.१०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समुह वा रुन्टीगढी सब डिभिजन वन कार्यालय, होलेरी, रोल्पा वा डिभिजन वन कार्यालय रोल्पा, लिवाङबाट खरिद गरी यस समुहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५.लिलाम बढाबढ हुने काठ/दाउरा कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको रून्टीगढी-५, कोरीपोखरा घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६.लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपी र काठ दाउरामा आधारीत उद्योगको हकमा सो उद्योग सुचिकृत भएको प्रमाण पत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७.निर्धारित न्युनतम संख्या र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०३/२९ दिनको ५.३० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९.बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेखुपर्ने छ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०.बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।

११. बोलपत्र सम्बन्धी अन्य कुराहरू प्रचलित वन ऐन नियम अनुसार हुनेछन ।

१२. थप जानकारीको लागी यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

